बैठक नं. : ०७/२०८१/०८२

स्थान : नगरकार्यपालिका हल

मिति : २०८१/११/२० गते

समय : दिउँसो १:०० बजे

उल्लेखित स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारुज्यूको अध्यक्षतामा बसेको राजापुर नगरकार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन् ।

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | दिपेश थारु | प्रमुख | अध्यक्ष | |
| २ | मनकला कुमारी चौधरी | उपप्रमुख | सदस्य | |
| ३ | बाबु राम चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ४ | राम चन्द्र चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रसादु थारु | वडा अध्यक्ष | सदस्य | |
| ६ | बिदुर पोखरेल | वडा अध्यक्ष | सदस्य | |
| ७ | रमेश चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | असराज न्यौपाने | वडा अध्यक्ष | सदस्य | |
| ९ | रामु थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | राजेश थारु | वडा अध्यक्ष | सदस्य | |
| ११ | विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | शिव लाल थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | शिलादेवी थारु | वडा सदस्य | सदस्य | |
| १४ | कृष्णा देवी ढुङ्गाना | वडा सदस्य | सदस्य | |
| १५ | लक्ष्मी चँदारो | वडा सदस्य | सदस्य | |
| १६ | सविता परीयार | वडा सदस्य | सदस्य | |
| १७ | शुशिला कुमारी थारु | वडा सदस्य | सदस्य | |
| १८ | त्रिलोचन सिंह | मनोनित सदस्य | सदस्य | |
| १९ | दामोदर परियार | मनोनित सदस्य | सदस्य | |
| २० | रजनी बदेनी नेपाली | मनोनित सदस्य | सदस्य | |
| २१ | दशरथ बुढा | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को सातौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/११/२० समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १

| |
|---|
| **प्रस्तावको विषय :** स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको लागि आशय पत्र पेश गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि आशयपत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम राजापुर नगरपालिकामा समेत उक्त कार्यक्रम सञ्चालनका लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ र प्रकाशित सूचना बमोजिम तपशिल बमोजिम कार्यहरुमा राजापुर नगरपालिका प्रतिवद्ध रहने निर्णय सर्वसम्मत पारित गरियो।<br>**तपशिल**<br>१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिय अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।<br>२. स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि अवलम्बन गर्ने।<br>३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने।<br>४. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रम सँगको सहलगानीको विनियोजन गर्ने।<br>५. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/ परिमार्जन तथा अनुमोदन गर्ने।<br>६. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अध्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१०/२३ गते |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/११/२० समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : २

**प्रस्तावको विषय :** योजना तथा कार्यक्रम छनोट सम्बन्धमा।

**निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

**भएको निर्णय :**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार काठमाडौंले माग गरे बमोजिम राजापुर नगरपालिकामा तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक रहेकोले माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपशिल:

१. खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ) रु.२०,००,०००।-
२. भकारो सुधार कार्यक्रम रु.५,००,०००।-
३. रैथाने बाली प्रवर्द्धन तथा बीउ संरक्षण कार्यक्रम रु.५,००,०००।-
४. प्राङ्गारी मल उद्योग कारखाना स्थापना कार्यक्रम रु.१२,००,०००।-
५. किसान सूचिकरण कार्यक्रम रु.१६,००,०००।-
६. साना सिंचाई विकास कार्यक्रम रु.१०,००,०००।-
७. सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरिक्षण कार्यक्रम रु.२,००,०००।-
८. फलफुल बाली प्रवर्द्धन कार्यक्रम (केरा खेती) रु.५,००,०००।—
९. भैंसीको पकेट प्याकेज कार्यक्रम मार्फत दुग्ध उत्पादनमा बृद्धि गरि आयआर्जन गर्ने- रु. ५५,००,०००।
१०. बाख्राको पकेट प्याकेज कार्यक्रम मार्फत मासु उत्पादनमा बृद्धि गरि आयआर्जन गर्ने- रु. ७५,००,०००।
११. बंगुरको पकेट प्याकेज कार्यक्रम मार्फत मासु उत्पादनमा बृद्धि गरि आयआर्जन गर्ने- रु. ७०,००,०००।
१२. स्थानीय जातका कुखुराको प्रवर्द्धन गरि मासु उत्पादन मार्फत ग्रामिण रोजगारी र आयआर्जन-बृद्धि गर्ने रु. २०,००,००० ।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/११/२० गते

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/११/२० समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ३

| |
|---|
| **प्रस्तावको विषय :** राजाश्व छुट गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** ग्रीष्म साना किसान कृषि सहकारी संस्था लिमिटेड राजापुर–२ बर्दियाको प.सं. २०८१/८२, च.नं. १३१ मिति २०८१/११/१२ गतेको पत्रानुसारको ग्रीष्म साना किसान कृषि सहकारी संस्था लिमिटेडले सहकारीको आफ्नै कार्यालय प्रयोजनको लागि खरिद गर्न लागेको साविक नयागाउँ गा.वि.स. वडा नं. ७ हाल राजापुर नगरपालिका वडा नं. २ को कित्ता नं. ३०२ को जग्गा ०-१-५ विघा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को अनुसूची-१, खण्ड (ग) विविध को बुँदा नं. १५ बमोजिम रजिष्ट्रेशन छुटका लागि मालपोत कार्यालय राजापुर बर्दियालाई सिफारिस गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/११/२० गते |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/११/२० समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ४

| |
|---|
| **प्रस्तावको विषय** : अनिवार्य अंग्रेजी अभ्यास पुस्तिका सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कक्षा १२ को अनिवार्य अंग्रेजी विषयको अभ्यास पुस्तिका (English Marker) खरीद गरी राजापुर नगरपालिका अन्तर्गत सामुदायिक विद्यालय कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क वितरण गर्ने निर्णय गरियो । साथै आ.व. २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत शिक्षा शाखा बजेट उपशीर्षक तर्फ कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि उच्च शिक्षा र प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा विनियोजित बजेटबाट रु ३,३०,०००। (अक्षेरेपी रु तीन लाख तिस हजार मात्र) रकम कक्षा १२ को अनिवार्य अंग्रेजी अभ्यास पुस्तिका खरीद कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>२०८१/११/२०.<br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>राजापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजापुर, बर्दिया ... प्रदेश, नेपाल २०७३<br><br>मिति : २०८१/११/२० गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/११/२० समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ४

**प्रस्तावंको विषय :** डि.पी.आर. समिक्षा तथा स्विकृत गर्ने सम्बन्धमा ।

**निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

**भएको निर्णय:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०८१/८२/२ नि.यो.अ., च.नं. १०४३, मिति २०८१/१०/०९ गतेको पत्रानुसार राजापुर नगरपालिकामा १५ शैयाको आधारभुत अस्पतालको भवन निर्माणको लागि परामर्शदाता श्री Habile Engineering Consultancy, Bagdole Lalitpur ले तयार गरि पेश गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धि निर्देशिका, २०७३ तथा राष्ट्रिय भवन आचार संहिताको अधिनमा रही विस्तृत आर्किटेक्चरल डिजाइन, संरचना डिजाइन, स्यानिटरी डिजाइन, विधुतीय डिजाइन, लागत अनुमान र विशिष्टिकरण प्राविधिक समिक्षा गरि कार्यालयको प्राविधिकको सिफारिसमा स्विकृत गर्ने निर्णय गरियो ।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

दशरथ बुढा
प्रमुख प्रशासकिय अधिकृत

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/११/२० गते